# सामुदायिक वनको विद्यमान अवस्थाको चर्चा

लेखकः डा. अनुज राज शर्मा
पुनरावलोकन कर्ताःरेशमबहादुर डागी

नेपालको वन क्षेत्रको नीतिमा विकासको दर्शनमा आएको परिवर्तन प्रतिविम्वित भएको देखिन्छ । नेपालमा सामुदायिक वनको विकासको बारे प्रकाश पारेका विभिन्न लेखहरू उपलब्ध छन् (कँडेल, २०६३) । विकासका नविनतम् सोचहरू ग्रामीण उत्पादन र आय बृद्धी तर्फ केन्द्रीत छन् । यसको लागि समतामुलक वितरण प्रणाली, आर्थिक बृद्धी र विकासमा जनसंलग्न्तालाई अनिवार्य भनिएको छ । अर्को शब्दमा भन्नु पर्दा 'सामुदायिक वन' विकाश दर्शनमा आएको यहि परिवर्तनको द्योतक हो । नेपालको सामुदायिक वन स्पस्ट नीति, संस्था र प्रयासको संयोजनद्वारा वनको संरक्षण र गरिबी निवारण गर्ने लक्षका साथ अगाडि बढाइएको वातावरणीय शुशासन हो जसलाई विश्वव्यापी मान्यता मिल्दै गएको छ । (बराल, भाषिक र सिकोट, २००९; ओभ्ता, पर्सा छत्रे, २००९)

नेपालको प्राय नाङ्गा भै सकेका पहाडहरूमा पुनः हरियाली कायम गर्न सामुदायिक वनले सफलता पाएको छ भने पछिल्लो आँकंडा अनुसार झन्डै १३ लाख ५० हजार हेक्टर वन क्षेत्रलाई सामुदायिक वनको रूपमा १५,२५६ सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गर्दै गरेका छन् । यसरी देशको कूल वन क्षेत्रको २३.२ प्रतिशत भूभागलाई सामुदायिक वनको रूपमा व्यवस्थापन गर्दा १६ लाख ५० हजार घरधुरी लाभान्वित भएका छन् जुन कूल घरधुरी संख्याको ४२ प्रतिशत हुन आउँछ ( सामुदायिक वन महाशखा, डाटावेश जनवरी, २०११)।

सामुदायिक वनका आँकंडाहरू उत्साहप्रद भएता पनि विद्यमान् अवस्थामा सामुदायिक वनको चर्चा गर्दा निम्न ५ विषय वस्तुलाई उपेक्षा गर्न सकिँदैन ।

- तराईमा सामुदायिक वनको स्थिति
- सामुदायिक वनमा वातावरणीय प्रभाव सम्बन्धि व्यवस्था
- सामुदायिक वनमा व्यापक काठ कटानी
- सामुदायिक वन र गरिबी न्यूनिकरण
- सामुदायिक वन सम्बन्धि प्राकृतिक स्रोत र साधन समितिको सिफारिस

**तराईमा सामुदायिक वनको स्थितिः**

तराईका सामुदायिक वनहरू आर्थिक रूपमा बढी महत्वपुर्ण रहेको कुरा निर्विवाद छ । तराईका सामुदायिक वन न्युन संख्यामा रहेता पनि सामुदायिक वनको आयको करिब ५८ प्रतिशत ओगट्ने गर्दछन् (क्षेत्री २००३; शर्मा २०१०) । यस्ता

महत्वपुर्ण वन क्षेत्रलाई निहीत स्वार्थ पुर्तिको लागि ठूला बडाहरूले ओगट्न सक्छन् भन्ने कुरालाई केही समय पहिले एउटा जर्नलमा प्रकाशित लेखमा विस्तृत रूपमा उल्लेख गरिएको छ (इर्भशन र अन्य, २००६)।

वन क्षेत्रको गुरू योजना १९८८ ले सामुदायिक वन मुख्य रूपमा पहाडी भेगमा लक्षित गरेता पनि वन क्षेत्रमा गरिएको एक अध्ययनको सिफारिसको आधारमा सामुदायिक वनलाई तराई भेगमा समेत विस्तार गरिएको हो ।


इर्भशन र अन्यले (२००६) नवलपरासी र रूपन्देही जिल्लामा गरेको अध्ययनमा बढी मूल्यवान् वनको हस्तान्तरण र असमताको उपज संस्थागत अस्थिरता भएको देखिन्छ[1] भने वन पैदावार मध्ये मुख्य रूपमा काठको बजार र उपभोक्ता मूल्य बिचको अन्तरले ठूलो मात्रामा अघोषित अनुदान कायम हुन जान्छ। यस्तो अनुदानको रूपमा रू ३,८३९ प्रति घरधुरी उपलब्ध हुन जान्छ। मध्य र उच्च आय भएका घरधुरीलाई यस्तो अनुदान रू ४,१०० प्रति घरधुरी प्रति वर्ष बराबर हुन जाने हुँदा विद्यमान् नीति (अनुदान र अग्रीम भूक्तानी)को कारणले आर्थिक असमानतालाई बढावा दिन्छ भन्ने कुरा सो अध्ययनले देखाएको छ। सोही अध्ययनमा उच्च आय भएका उपभोक्ता समूहहरूमा संस्थागत अस्थिरता भएको पनि पाइएको छ तर यस्तो अस्थिरता समूहको स्व-मूल्यांकनको परिणाम पनि हुन सक्ने तर्फ भने उक्त अध्ययनले विश्लेषण गरेको देखिदैन ।

**सामुदायिक वनमा वातावरणीय प्रभाव सम्बन्धि व्यवस्थाः**

नेपालमा सामुदायिक वनसँग संलग्न ६३ प्रतिशत घरधुरीहरूले १०० हेक्टर भन्दा सानो वन उपयोग गर्दछन् जुन कूल सामुदायिक वनको ३० प्रतिशत भन्दा कम क्षेत्र हुन आउँछ भने मात्र ३७ प्रतिशत घरधुरीले ७० प्रतिशत भन्दा बढी सामुदायिक वन क्षेत्र उपभोग गर्दै आएका छन्। सामुदायिक वनको वितरणको सूचांकको अध्ययनको नतिजा चित्र १ मा देखाइएको छ।

[1] यस्तो वनको मूल्य प्रति घरधुरी रू १ लाख देखि १६ लाख ३० हजार सम्म भएको पाइएको छ।

चित्र १: नेपालमा सामुदायिक वनको वितरण सूचांकको स्थिति




उपरोक्त चित्रमा सामुदायिक वनको वितरणको सूचांकमा नेपाल सरकारको वातावरणीय प्रभाव अध्ययन गर्नु पर्ने अप्रिल २००७ को निर्णयले पारेको सकारात्मक प्रभावलाई स्पस्ट रूपमा देखाइएको छ। नेपाल सरकारले अप्रिल २००७ मा निश्चित क्षेत्रफलका सामुदायिक वनको हस्तान्तरण र व्यवस्थापनमा वातावरणीय प्रभाव अध्ययन गर्नु पर्ने अनिवार्य व्यवस्थाको कारणले सन् २००७ को तुलनामा सन् २००९ को वितरण सूचांकमा सुधार आएको कुरालाई चित्र-१ मा देखाइएको छ।

नेपालमा सामुदायिक वनको वितरण सम्बन्धि तथ्यांक तालिका-१ मा प्रस्तुत गरिएको छ।

**तालिका-१: नेपालमा सामुदायिक वनको वितरण, २००९**

| सामुदायिक वन (हेक्टर) | वन संख्या | क्षेत्रफल ( हेक्टर) | लाभान्वित घरधुरी संख्या | प्रतिशत क्षेत्रफल | प्रतिशत घरधुरी |
|---|---|---|---|---|---|
| १० भन्दा सानो | २९९१ | १५२९१.९ | १९६४२९ | १.२४ | ११.८३ |
| १०.१ - ५० | ५४३० | १४३६२.९ | ५०२२७६ | ११.६८ | ३०.२६ |
| ५०.१ - १०० | २६३३ | १८९३४१.१ | ३२८५२९ | १५.४० | १९.७९ |
| १००.१ - २०० | १९७२ | २७७४९२.९ | ३०२२१४ | २२.५६ | १८.२१ |
| २००.१ - ५०० | ११४५ | ३३७७५९.२ | २४९५५९ | २७.४८ | १५.०३ |
| ५००.१ - १००० | २१३ | १४४१२१.३ | ५९६९२ | ११.७२ | ३.५९ |
| १००० भन्दा ठूलो | ५५ | १२२०२०.६ | २१०७६ | ९.९२ | १.२७ |
| कूल जम्मा | १४४३९ | १२२९६७० | १६५९७७५ | १०० | १०० |
| वितरण सूचांक | | | | | ०.४५१ |

श्रोत: शर्मा, २०१०b

तालिका-१ मा नेपालको सामुदायिक वनको वितरण सूचांक देखाइएको छ। सामुदायिक वनको वितरण सम्बन्धि सन् २००७ को तालिका (शर्मा, २०१०) को तुलनामा १० हेक्टर वन क्षेत्र भएका घरधुरी प्रतिशतमा केही कमी आएको छ भने १००० हेक्टर भन्दा ठूलो सामुदायिक वनको क्षेत्रफल प्रतिशतमा कुनै परिवर्तन आएको छैन। यस्तै ५०० हेक्टर - १००० हेक्टर र १००० हेक्टर भन्दा ठूला सामुदायिक वन भएका घरधुरी प्रतिशतमा केही कमी आएको छ। सामुदायिक वनको वितरणको तथ्यांकको सार संक्षेप तालिका-२ मा प्रस्तुत गरिएको छ।

**तालिका-२: सामुदायिक वन सम्बन्धि तथ्यांक, २००९**

| सामुदायिक वन | औसत क्षेत्रफल (हे.)* | औसत घरधुरी संख्या** | प्रति घरधुरी क्षेत्रफल (हे.)*** |
|---|---|---|---|
| १० हे. भन्दा सानो | ५.११ | ६५.६७ | ०.०८ |
| १०.१ - ५० हे. | २६.४५ | ९२.५० | ०.२९ |
| ५०.१ - १०० हे. | ७१.९१ | १२४.७७ | ०.५८ |
| १००.१ - २०० हे. | १४०.७२ | १५३.२५ | ०.९२ |
| २००.१ - ५०० हे. | २९४.९९ | २१७.९६ | १.३५ |
| ५००.१ - १००० हे. | ६७६.६३ | २८०.२४ | २.४१ |
| १००० हे. भन्दा ठूलो | २२१८.५६ | ३८३.२० | ५.७९ |

**नोटः** * तालिका-१ को स्तम्भ (column) ३ लाई स्तम्भ २ ले भाग गरेको
** तालिका-१ को स्तम्भ ४ लाई स्तम्भ २ ले भाग गरेको
*** तालिका-२ को स्तम्भ २ लाई सोही तालिकाको स्तम्भ ३ ले भाग गरेको

यसरी सामुदायिक वनमा वातावरणीय प्रभाव अध्ययन सम्बन्धि गरिएको प्रावधानलाई छल्नको लागि सामुदायिक वनको क्षेत्रफल सँग छेडछाड गर्ने गरिएको पनि सुन्नमा आएको छ। यस्तो मनसायलाई जिल्ला वन कार्यालयहरुले निरुत्साहित गर्नु पर्ने देखिन्छ ।

नेपालका छानिएका जिल्लाहरुको भौगोलिकताको आधारमा वितरण सुचाङ्क तालिका-३ मा प्रस्तुत गरिएको छ। भौगोलिक आधारमा अध्ययन गरिएका जिल्लाहरू मध्ये बर्दियामा वितरण सूचांक सबै भन्दा न्युन छ भने सिराहामा सबै भन्दा उच्च देखिन्छ ।

**तालिका-३: नेपालका छानिएका जिल्लाहरूको भौगोलिकताको आधारमा वितरण सूचांक**

| तराई / भित्री मधेश | | मध्य पहाडी | | उच्च हिमाल | |
|---|---|---|---|---|---|
| दाङ्ग | ०.२७५ | इलाम | ०.३५५ | दोलखा | ०.४०५ |
| सिराहा | ०.४५८ | काभ्रेपलान्चोक | ०.४२१ | जुम्ला | ०.६७८ |
| बर्दिया | ०.२१५ | पाल्पा | ०.४०५ | सोलुखुम्बु | ०.५४५ |
| ०.३४९ | | ०.४६३ | | ०.५७८ | |

सिराहामा २०० हे. भन्दा सानो सामुदायिक वन मात्र २६ प्रतिशत छ तर ६२ प्रतिशत घरधुरीलाई यस्तो वन हस्तान्तरण गरिएकोले वितरण सूचांक उच्च हुन गएको हो। बर्दियामा २०० हे. भन्दा सानो वन क्षेत्रले सामुदायिक वनको ९३ प्रतिशत प्रतिनिधीत्व गर्दछ जुन ९८ प्रतिशत घरधुरीलाई हस्तान्तरण गरिएको छ। त्यसैले अध्ययन गरिएका जिल्लाहरू मध्ये बर्दियाको सामुदायिक वनको वितरणको स्थिति सबै भन्दा उत्तम रहेको देखिन्छ। यस्तै गरि दाङ्गमा २०० हे. भन्दा सानो सामुदायिक वनले २५ प्रतिशत क्षेत्रफल प्रतिनिधीत्व गर्दछ भने यस्तो वन ४५ प्रतिशत घरधुरीलाई हस्तान्तरण गरिएको छ। सामुदायिक वनको वितरणको प्रस्तुत अध्ययनमा इलामले मौलिक प्रकारको अवस्था चित्रण गरेकौ छ। तात्कालीन राजाबाट अलैंची लगाएको वन सम्बन्धित व्यक्तिको नाममा दर्ता गरिदिने निर्देशन भएको कारणले १० हे. भन्दा सानो वन क्षेत्रले सामुदायिक वनको ०.२ प्रतिशत मात्र प्रतिनिधीत्व गर्दछ जसमा मात्र ३ प्रतिशत घरधुरी संलग्न भएका छन्। उक्त जिल्लामा २०० हे. भन्दा सानो सामुदायिक वनले मात्र १६ प्रतिशत क्षेत्र ओगटेको छ जस्मा ४२ प्रतिशत घरधुरीहरू संलग्न भएका छन्। तर्सथ अध्ययन गरिएको मध्य पहाडी जिल्ला मध्ये इलामको वितरण सूचांक सबै भन्दा कम रहेको छ।

यसैगरि उच्च हिमाली जिल्लाहरू मध्ये दोलखाको वितरण सूचांक सबै भन्दा कम रहेको छ भने जुम्लाको सबै भन्दा उच्च देखिन्छ । दोलखा जिल्लामा २०० हे. भन्दा सानो सामुदायिक वनले ४७ प्रतिशत क्षेत्रफल ओगट्छ भने ७५ प्रतिशत घरधुरी संलग्न देखिन्छ । जबकी जुम्लामा यस्तो वनले मात्र ३० प्रतिशत क्षेत्रफल देखाउछ भने ८८ प्रतिशत घरधुरी यस्तो वनको उपभोक्ताको रूपमा रहेका छन् । जुम्लामा ६३ प्रतिशत सामुदायिक वन क्षेत्र १००० हे. भन्दा ठूला वन क्षेत्रले ढाकेका छन् जसबाट मात्र ७ प्रतिशत उपभोक्ता घरधुरी लाभान्वित भएका छन् । यसैले अध्ययन गरिएका उच्च हिमाली जिल्लामा जुम्लाको सामुदायिक वनको सूचांक सबै भन्दा बढी देखिएको छ । सार संक्षेपमा के भन्न सकिन्छ भने नेपालको सामुदायिक वनको वितरणको सूचांक सन् २००९ मा केही घट्न गएको छ । सामुदायिक वनको हस्तान्तरण र व्यवस्थापन गर्दा वातावरणीय प्रभाव अध्ययन (प्रारम्भीक समेत) गर्नु पर्ने अनिवार्य व्यवस्थाको कारणले यो अनपेक्षित तर चहानायोग्य नतिजा प्राप्त भएको छ । सामुदायिक वनको हस्तान्तरण गर्दा मापदण्ड लागु गर्ने नेपाल सरकारको मिति २०६७।३।३२ को निर्णयलाई मीतिगत रूपमा समावेश गर्दै लगिएमा सामुदायिक वनको वितरण न्यायोचित हुन जाने कुरा र्निविबाद छ । अतः नेपाल सरकारको वातावरणीय प्रभाव अध्ययन सम्बन्धि मौजुदा व्यवस्थाले सामुदायिक वनको हस्तान्तरण र व्यवस्थापन केही झन्झटिलो र खर्चिलो बनाएतापनि मौजुदा व्यवस्थाका केही सकारात्मक पक्षलाई भने नजरअन्दाज गर्न सकिदैन ।

**सामुदायिक वन र गरिबी न्युनीकरण :**

नेपालको सामुदायिक वनले गरिबी न्युनीकरणमा पुऱ्याएको योगदान बारे विभिन्न दृष्टिकोण भएको कुरा हाल सम्मका अध्ययनहरूले देखाएका छन् । सामुदायिक वनले एउटा राष्ट्रिय अभियानको रूप लिई सक्दा समेत सामुदायिक वनले गरिबी न्युनीकरणमा पुऱ्याउने सम्भावित प्रभावको अध्ययन र विश्लेषण हुन सकेको दैंखिदैन । यस्तो अध्ययनको अभावमा हाल सम्म भएका छिटपुट केस स्टडीहरूको विवरण तालिका-४ मा प्रस्तुत गरिएको छ ।

**तालिका-४: सामुदायिकको गरिबी न्युनीकरणमा योगदान सम्बन्धि अध्ययन**

| नकारात्मक | सकारात्मक |
|---|---|
| • अधिकारी, २००३<br>• ब्यामटन र क्यार्मट, २००७<br>• ढकाल, विग्सवि र कूलेन, २००६<br>• पोखरेल, २००७ | • बराल, भाषिक र सिकोट, २००९<br>• चापागांई, काफ्ले र बिक, २००९<br>• काफ्ले, २००८<br>• एल्.एफ्.पी, २००७<br>• शर्मा र कर्नेल, २००२<br>• शर्मा, २०१० |

तालिका-४ मा नकारात्मक प्रभावको दाँजोमा सकारात्मक प्रभाव बारेका अध्ययन निचोडहरू धेरै देखिए तापनि थौरै गरिएका अध्ययनहरू गहन अनुसन्धानमा आधारित देखिन्छन् ।

ढकाल, विग्सवि र कूलेन, २००६ को भनाइमा सामुदायिक वनले वास्तवमा गरिबीलाई घटाउनुको सट्टा झन् बढी मुखरित गरेको छ । अतः सामुदायिक वनको गरिबी न्युनीकरणमा पर्ने प्रभाव बारे ठोस जानकारीका लागि सामुदायिक वन सम्बन्धि उल्लेखित अध्ययनको नतिजा पर्खनु पर्ने हुन्छ ।

**सामुदायिक वनमा व्यापक काठ कटानी:**

सामुदायिक वन विशेष गरि तराईमा व्यापक रूपमा काठ कटानी भएको खबर महत्वका साथ संचार माध्यमहरूले प्रेषित गरेको सन्दर्भमा कुनै अनियमितता भए नभएको छानविनको लागि मौजुदा निकायहरू लगायत न्यायिक छानविन आयोग गठनभै जाँचबुझको काम अगाडी बढाइएको छ । आयोग लगायत विभिन्न निकायले दिएको प्रतिवेदनमा कार्यवाहीभै रहेको परिप्रेक्षमा सामुदायिक वनमा व्यापक काठ कटानीको सत्य तथ्य बाहिर आउने र गलत मनसायले संलग्न पदाधिकारीहरू माथि न्यायाचित कारवाही हुने कुरामा द्विविधा लिइ राख्नु पर्ने देखिदैन । विगत दुई आ.ब. (२०६५/६६ र २०६६/६७) को आकंडा हेर्दा कटानीमा संलग्न समूह संख्या जम्मा ६,१६६ देखिन्छ जुन संख्या कूल सामुदायिक वनको संख्याको आधाभन्दा कम छ । यी सामुदायिक वनहरूमा उपरोक्त अवधिमा जम्मा ४,४६,६४२ गोटा विभिन्न जातका रूखहरूको कटानी भएको देखिन्छ । यसरी बयस्क रूख प्रति हेक्टर ३०० को हिसाबले करिब १५०० हेक्टर क्षेत्रमा रूख कटानीका लागि सहमति सम्बन्धित जिल्ला वन कार्यालयहरूले दिएको देखिन्छ (४,४८,००८ क्यु.मि. काठ कटान सहमति) । यस्तो सहमतिबाट ३,७२,६८० क्यु.मि. काठ जंगल तयारी भई उपरोक्त दई आर्थिक वर्षमा जम्मा २,३६,१७६ क्यु.मि. काठ निकाशी भएको देखिन्छ । विभिन्न जातका काठहरू मध्ये साल र खयरको समूह बाहिर निकाशी गर्दा लाग्ने १५ प्रतिशत शुल्क र भ्याट जम्मा रू ५७,८६,०५,७१०/- रकम नेपाल सरकारको सर्व संचित कोषमा जम्मा गरेको देखिन्छ (तालिका-५) । अतः समष्ठीगत रूपमा भन्नु पर्दा उल्लेखित आंकडाहरूले तराई र भित्री मधेसका सामुदायिक वनहरूमा व्यापक रूपमा काठ कटानी भएको भन्ने कुराको पुष्टी गर्दैन ।

**तालिका ५: आ.व. २०६५/६६ र २०६६/६७ मा सामुदायिक वनमा भएको रूख कटानीको विवरण**

| जिल्ला | सा.व.संख्या | कटान सहमति | | जङ्गल | | सरकारको सर्व संचित कोषमा जम्मा रकम | | |
|---|---|---|---|---|---|---|---|---|
| | | रूख संख्या | परिमाण ( क्यु.मि.) | तयारी परिमाण (क्यु.मि.) | निकाशी ( क्यु.मि.) | १५% सेवा शुल्क | भ्याट | कूल जम्मा |
| तराईको १९ र भित्री मधेस र पहाडका २४ जिल्ला | ६,१६६ | ४,४६,६४२ | ४,४८,०८८ | ३,७२,६८० | २,३६,१७६ | रू २५,६५,९८,४९६/- | रू ३२,२०,०७,२१४/- | रू ५७,८६,०५,७१०/- |

स्रोतः सामुदायिक वन महाशाखा ।

**सामुदायिक वन सम्बन्धि प्राकृतिक स्रोत र साधन समितिको सिफारिसः**

सामुदायिक वनमा भएको भनिएको व्यापक काठ कटानीबारे अनुसन्धान गर्ने सिलसिलामा प्राकृतिक स्रोत र साधन समितिले विभिन्न जिल्लाको स्थलगत अध्ययन गरि नेपाल सरकारलाई वन सम्बन्धि सिफारिस गरेको छ । उक्त सिफारिस कार्यान्वयन गर्ने सम्बन्धमा वन विभागले तयार गरेको कार्य तालिका मध्ये सामुदायिक वन सँग सम्बन्धित बुदाँलाई तालिका–६ मा प्रस्तुत गरिएको छ ।

तालिका ६: प्राकृतिक स्रोत र साधन समितिको प्रतिवेदन, २०६७ कार्यान्वयनका लागी वन विभागको कार्यतालीका - सामुदायिक वन सम्बन्धि

| प्रतिवेदनमा उल्लेख भएको राय तथा सुझाव | विभागले गर्ने कार्यहरु | कार्य सम्पन्न गर्ने समय | जिम्मेवार निकाय र कर्मचारी |
|---|---|---|---|
| उपभोक्ता समुहलाई राष्ट्रिय वन हस्तान्तरण गर्दा के कति क्षेत्र एउटा समुहलाई हस्तान्तरण गर्ने भन्ने सम्बन्धमा वा त्यहाको वन पैदावर विक्रीको मुल्य कायम गर्दा बजार मुल्यलाई समेत ध्यानमा राखी एउटा निश्चित मापदण्ड कायम गरेर मात्र गर्ने । यसरी मापदण्ड निर्माण गर्दा वन क्षेत्रको उपलब्धता, सामुदायिक वनबाट लाभान्वित हुने घरधुरी तथा बजारको माग र आपूर्तिको स्थिती आदिको विश्लेषण गर्नु पर्ने । मापदण्ड निर्धारण गर्दा एक परिवार एक भन्दा बढी समुहमा सदस्य हुन नपाउने र मापदण्ड विपरित भए गरेका कार्यलाई नियन्त्रण गरी मापदण्ड भित्र पार्ने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने । | • उपभोक्ता समुहलाई राष्ट्रिय वन हस्तान्तरण गर्दा के कति क्षेत्र एउटा समुहलाई हस्तान्तरण गर्ने भन्ने सम्बन्धमा नेपाल सरकार मन्त्रि परिषदको २०६७।३।३२ को निर्णय अनुसार गर्न जिल्ला वन कार्यालयहरुलाई पत्राचार भैसकेको । बजारको माग र आपूर्तिको विश्लेषण गरि वन पैदावरको मुल्य कायम गर्नको लागि सामुदायिक वनको वन पैदावर व्यापारिक विक्रि वितरण गर्दा न्यूनतम मुल्य निर्धारण गरेर गर्ने कार्य केही जिल्लामा भैसकेको । सामुदायिक वनको काठ दाउरा संकलन तथा विक्री वितरण निर्देशिका, २०६७ ( हाल मन्त्रालयमा स्विकृतिको प्रकृयामा रहेको) मा उक्त विषयहरु समेटिएको । | २०६८ फाल्गुन सम्म | सामुदायिक वन महाशाखा<br>राष्ट्रिय वन महाशाखा<br><br>उप–महानिर्देशक |
| सामुदायिक वनको आफ्नो आम्दानीको कम्तीमा ५०% रकम वनको संरक्षण, सम्वर्द्धन र उपभोक्ताको क्षमता अभिबृद्धिमा खर्च गर्ने । कतिपय सामुदायिक वनहरुले वनबाट प्राप्त आम्दानीलाई स्थानीय भौतिक पूर्वाधार र सामाजिक विकासको कार्यमा खर्च गर्ने गरेकोमा त्यस्ता कार्यहरु क्रमशः राज्यको तर्फबाट नै गर्दै जाने व्यवस्था गर्ने । | • सामुदायिक वनको आफ्नो आम्दानीको कम्तीमा ५०% रकम वनको संरक्षण, सम्वर्द्धन र उपभोक्ताको क्षमता अभिबृद्धिमा खर्च गर्ने सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया गर्ने तयारी भएको । | ६ महिना | सामुदायिक वन महाशाखा<br><br>उप–महानिर्देशक |
| प्रत्येक सामुदायिक वनले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र लेखा परिक्षण गराई सक्नु पर्ने र पौष मसान्त भित्रमा समुहको साधारण सभा बोलाई समुहको कार्य प्रगति, योजना र कार्यक्रम एवं लेखा परिक्षण प्रतिवेदन पारित गराउने व्यवस्था अनिवार्य रुपले गर्ने । | • प्रत्येक सामुदायिक वनले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र लेखा परिक्षण गराई सक्नु पर्ने र पौष मसान्त भित्रमा समुहको साधारण सभा बोलाई समुहको कार्य प्रगति, योजना र कार्यक्रम एवं लेखा परिक्षण प्रतिवेदन पारित गराउने अनिवार्य व्यवस्थाको सम्बन्धमा प्रस्तावित ऐन संसोधन पछि नियमावली संसोधन गर्दा समावेश गर्ने । | ३ महिना | सामुदायिक वन महाशाखा<br>कानुन शाखा<br>सम्बन्धित शाखा प्रमुखहरु |

सामुदायिक वन महाशाखाले हालै आयोजना गरेको अन्तरक्रिया बैठकले उपरोक्त सिफारिस मध्ये सामुदायिक वनको कोषको परिचालन सम्बन्धि अध्ययनको लागि कार्यटोली गठन गरेको छ । उक्त कार्यटोलीले स्थलगत अध्ययन गरिरहेको छ । वन विभागको कार्य तालिकाको कार्यान्वियनले सामुदायिक वनको सम्बन्धमा खडा भएका सवालहरूलाई केही हदमा निराकरण गर्दै सामुदायिक वन कार्यक्रमलाई थप उचाइमा पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

**निष्कर्ष :**

सामुदायिक वनले सम्पूर्ण उपभोक्तालाई न्यायोचित फाइदा पुऱ्याइ नेपालमा आय वितरणको असमानतालाई केही हदमा पनि कम गर्न सकेमा यसको सफलताको रूपमा लिन सकिन्छ (बराल, भाषिक र सिकोट, २००९)।
सामुदायिक वनले पुऱ्याउने अप्रत्यक्ष फाइदा र वातावरणीय सेवा (कार्बन संचिती, जैविक विविधता, जलाधार संरक्षण आदि) लाई यस लेखमा समेट्न नसक्नुलाई दुर्बलताको रूपमा लिन सकिन्छ ।

महिला, दलित र पिछडिएका वर्गलाई समतामूलक फाइदाको बाँडफाँड, नागरिक समाज, लचकदार नियमनद्वारा संस्थागत विकास, सरकार र नीति र्निमाताको जवाफदेहिताद्वारा सामुहिक सिकाइले नै सामुदायिक वनको आगामी दिनमा विकासपथ निर्धारण गर्दै जाने कुरामा द्विविधा राख्नु पर्ने देखिदैन । गैर सरकारी तथा निजी सेवा प्रदायको संलग्नतामा सामुदायिक वनको प्राविधिक एवं बढ्दो आवश्यकतालाई सम्बोधन गर्दै जान आवश्यक देखिन्छ (जस्तै जलवायु परिवर्तन, उद्यम विकास आदि )। सामुदायिक वनको असमान वितरण तथा क्षेत्रगत असिमितताको कारणले अनुगमन तथा मूल्याकंन जटिल एवं चुनौतीपुर्ण हुँदै गएको सन्दर्भमा स्व- मूल्याकंननै उपयुक्त उपाय हो भन्ने कुरामा दुईमत नहोला । प्रस्तुत लेखले सामुदायिक वनबाट गरिबी न्युनीकरणमा पुऱ्याउने योगदान माथिको छलफल समेटेर नीति र्निमातालाई समेत गरिबी न्युनीकरणको रणनीतितर्फ लक्ष्य निर्धारण गर्न झक्झकाउने छ भन्ने आशा लिएको छ ।

**सन्दर्भ सामग्री :**


कँडेल, बलराम. २०६३. सामुदायिक वनका उपलब्धि र चुनौतीहरू । हाम्रो वन २०६१/ ६२. वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग, काठमाडौं ।

Adhikari, B. (2003). Property rights and natural resources: Socio-economic heterogeneity and distributional implications of common property resource management. Working paper no 1-03. SANDEE web: http://www.esocialsciences.com/data/articles/Document/1722007160.2264673.pdf.

Bampton, J. and Cammaert, B. 2007. Can Timber Rents Better Contribute to Poverty Alleviation Through Community Forestry in the Terai Region of Nepal. Conference paper. FAO Regional Office for Asia and the Pacific, Thailand.

Baral, S., Vacik, H. and Sekot, W. 2009. Does Community Forestry Contribute to Poverty Reduction? an Evidence from Nepal. “Biophysical and socioeconomic frame

conditions for the sustainable management of natural resources". Poster presented at Tropentag, October 6-8, Hamberg, Germany. http://www.tropentag.de/2009/abstracts/posters/316.pdf

Chapagain , N., Kafle, G. and BK, N. 2009. Community Forestry, Wellbeing and National Poverty Benchmark: Existing status and achievements (An experience from Koshi Hills). Poster presented at Community Forestry International Workshop, Pokhara, Nepal, September 15-18, 2009. http://www.forestrynepal.org/images/publications/CF%20Well_Being_CFInternation.pdf

Dhakal, B., Bigsby, H.R. and Cullen, R. 2006. Poverty Alleviation or Aggravation? The Impacts of Community Forestry Policies in Nepal. Paper presented at International Association of Agricultural Economists. Annual Meeting, August 12-18. Australia. http://purl.umn.edu/25576

Iversen, V., Chhetry, B., Francis, P., Gurung, M., Kafle, G., Pain, A. and Seely, J. 2006. High Value Forests, Hidden Economics and Elite Capture: Evidence From User Group's in Nepal's Terai Forest. Ecological Economics, 58.

Kafle, M. R. 2008. Contribution of Community Forestry to Users' Household Income: A Financial Analysis. Msc Thesis.  Tribhuvan University, Institute of Forestry.

LFP, 2007. Community Forestry for Poverty Alleviation: How UK Aid has Increased Household Incomes in Nepal's Middle Hills. http://www.lfp.org.np/publications.php?id=25

Ojha, H., Persha, L. and Chhatre, A. 2009. Community forestry in Nepal: A policy innovation for local livelihoods. I*nternational Food Policy Research Institute (IFPRI).*

Pokharel, R. K. (2007). Pro-poor programs of Nepal's community forestry: Who benefits ?  http://dlc. Indiana.edu/archive/00004062/01/pokharel_223101.pdf.

Sharma, A. R. and Kanel, K.R. 2002. Community Forestry: A Challenge to the Millennium. Paper presented at the workshop on Common-pool Resources and Institutions in Bangalore, India 27-29 August, 2002. Lund University, CARIKS, Mysore and Institute for Social and Economic Change, Bangalore. http://www.angelfire.com/ar3/batika/Millinnium.pdf

Sharma, A. R. 2010. Using Gini Coefficient for Analysing Distribution of Community Forests in Nepal by Development and Ecological Regions. International Journal of Social Forestry, 3(1).